श्री गणेशमान चारनाथ नगरपालिकाका प्रमुख श्री जित नारायण यादव द्वारा नगरसभालाई गर्नु भएको सम्बोधन

# आ.व.२०८०/८१ को नीति तथा कार्यक्रम

# गणेशमान चारनाथ नगरपालिका

विरेन्द्रबजार, धनुषा, मधेश प्रदेश

नेपाल

अध्यक्ष महोदय,

१. सर्वप्रथम समाज परिवर्तनका संवाहक नेपाली जनक्रान्ति अर्थात संघीय लोकतान्त्रिक गणतन्त्रलाई आजको अभुतपूर्व उचाइमा पुऱ्याउन २००७ सालको क्रान्ति, २०४६ सालको जनआन्दोलन, १० वर्षे जनयुद्ध, २०६२/०६३ को जनआन्दोलनका साथै थरुहट र मधेस आन्दोलन लगायत जनस्तरबाट भए गरेका सबै जनसंघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते योद्धा, बेपत्ता नागरिक एवं अग्रज, मार्गदर्शक, सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक र वैचारिक अभियन्ताहरुप्रति यस सभामा उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

२. गणेशमान चारनाथ नगरपालिका स्थापित भएको ९ बर्षको अबधिमा हाम्रो यो दोश्रो नीति तथा कार्यक्रमको माध्यमबाट संबिधानप्रदत्त अधिकार बमोजिमका कार्य जिम्मेवारीहरु ब्यबस्थित र नतिजा उन्मुख रुपमा सम्पादित गरी स्थानीयस्तरमा नगरपालिका प्रति सबैबाट रोजिने, खोजिने र भरोसा गर्ने अवस्था सिर्जना गराइनेछ । अब यो एघारौं नीति तथा कार्यक्रमले नगरपालिका प्रति नगरबासीहरुको अझ धेरै विश्वास र भरोसा जगाउने छ भन्ने कुरामा म विश्वस्त छु । यसका लागि म हामी सबैका तर्फबाट खुशी प्रकट गर्दछु ।

३. जस्तोसुकै संकटका बीचमा पनि मानव जीवनको रक्षा गर्दै आर्थिक र सामाजिक जीवनलाई सहज बनाउने क्रममा स्थानीय सरकार जुटेको छ । स्थानीय सरकारको हैसियतले तयार गरेका योजना एवं गुरुयोजनाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तिमा नगरपालिका केन्द्रित छ ।

४. नगरपालिकाको अधिकार क्षेत्र भित्रका आबश्यक पर्ने मूलभूत कानुन, कार्यबिधि, नीतिहरु आबश्यकता अनुसार तयार भएका छन् तर नगरपालिकाको कर्मचारी तेरिज अनुसारको जनशक्तिको पदपूर्ति अझै भईसकेको छैन । कानूनी आधार, जनशक्तिको प्रर्याप्तता र योजनाबद्ध कार्यक्रम सञ्चालन गर्ने परिपाटीबाट जनअपेक्षाअनुरुप सेवा प्रवाह र बिकास निर्माणका कार्यलाई तिब्रता दिंदै नतिजामा नै देखिने गरी रोजगारीको सृजना, भौतिक पक्ष र पूर्वाधारको बिकास भई नगरको समग्र आर्थिक र सामाजिक बिकासमा अपेक्षित उपलब्धि हासिल हुने बिश्वास लिएको छु ।

५. अघिल्लो आ.व.मा कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचारका लागि नगरपालिकाले बिशेष कार्यक्रमहरु सञ्चालन गर्ने क्रममा नगरपालिकाको पोर्ताहामा १५० बेडको क्वारान्टाइन आइसोलेशन भवन निर्माण गरीएकोमा त्यसलाई थप सुदृढिकरण गर्दै बहुउद्देश्य प्रयोजनमा प्रयोग गर्न सक्ने व्यवस्था गरिनेछ ।

६. प्रत्येक वडामा क्रमशः नागरिक आरोग्य केन्द्र स्थापना गरी स्वस्थ जीवन कार्यक्रम सँचालन गरिनेछ ।

७. प्रत्येक वडामा महिला स्वयंसेविकालाई योग तथा औषधी जन्य जडिबुटी तालिम दिई योग र जडिबुटीको शिक्षा प्रत्येक घर घरमा पुर्याइनेछ ।

८. जनप्रतिनिधिहरुको ध्याउन्न र कर्मचारीहरुको लगनशीलता र जिम्मेवारीपनका कारण लगभग सबै योजनाहरुको काम अन्तिम चरणमा पुगेको अवस्था छ । विभिन्न समस्याका कारण जनताको रोजिरोटीलाई अब बिकाससँग जोडिने छ । प्रदेश सरकारको समन्वयमा बिशेष कृषि कार्यक्रम लाई अघि बढाइने छ । आगामी बर्षमा माहामारी जंस्ता समस्याहरुबाट पुगेको क्षतिको पुनर्भरण तथा वर्तमानको आर्थिक मन्दीको निराकरण हुने गरी समाजिक क्षेत्रको बिकास र आर्थिक पुनरुत्थान नगरको प्राथमिकताका क्षेत्रहरु रहनेछन ।

९. आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा गुरुयोजनाले परीलक्षित गरेको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य तथा प्राथमिकता क्षेत्रहरुका अतिरिक्त राज्यले अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेको दीगो विकासका लक्ष्य, देशले अंगिकार गरेको लक्ष्य उन्मुख कार्यक्रमका साथै ***समृद्ध नेपाल र सुखी नेपाली*** कार्यक्रम समेतलाई आधारका रुपमा स्वीकार गरिएको छ । नेपाल सरकार र मधेश प्रदेश सरकार ले अबलम्वन गरेको नीति ***सुखि नेपाली सम्वृद्ध नेपाल*** भन्ने मूल नारालाई आत्मसात गर्दै बिभिन्न भेलाहरु मार्फत नगरवासीवाट संकलित सुझाब, वडा स्तरीय भेलाहरुबाट संकलित सुझाब तथा कार्यक्रमका रुपमा प्राप्त सुझाबलाई समेत आधार मानि यो नीति तथा कार्यक्रम बनाईएको छ ।

१०. नेपालको संविधान २०७२ ले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकारसम्बन्धी ब्यवस्था, नेपालको संविधानको अनुसूची ८ र ९ ले स्थानीय तहको लागि तोकेको राजश्व परिचालन सम्बन्धि खाका, खर्च जिम्मेवारीका क्षेत्र, अन्तरसरकारी हस्तान्तरणको विषय तथा स्थानीय तहको ऋण संरचनाको स्वरुप, नेपालको संविधान भाग ४ अर्न्तगतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्वन्धी नीतिहरु, धारा ५९ का आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली, क्रमागत योजना, वडास्तरीय भेलाबाट माग भएका प्राथमिकिकरणका योजनाहरु, नगरपालिकाको विकास सम्वन्धी अवधारणा पत्र तथा नगरबासीका राय सुझाव तथा मागहरुका आधारमा तयार पारिएको आगामी आ.व. २०८०/२०८१ को नीति, कार्यक्रम तथा वजेट कार्यान्वयनको लागि प्रस्ताव गरिएको छ ।

अध्यक्ष महोदय,

अब म आर्थिक बर्ष २०८०/२०८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

## आर्थिक विकास

१. दिगो स्रोत व्यवस्थापनका लागि नयाँ स्रोतहरुको पहिचान र प्रवर्द्धन गर्न श्रोतको सम्भाव्यता अध्ययन गर्ने कार्यलाई निरन्तरता दिंदै कर वृद्धि भन्दा करको दायरा विस्तार गर्ने नीति लिइने छ । गैर करका क्षेत्रहरुलाई करको दायरामा ल्याउन आवश्यक नीतिगत प्रवन्ध मिलाइने छ । स्थानीय स्रोत र साधनको विकास र परिचालन गरी आन्तरिक राजश्वमा वृद्धि गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
२. राजश्व असुलीलाई अझ प्रभावकारी बनाउन स्थानीय स्तरका उद्योग बाणिज्य संघ लगायतका सम्वद्ध निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरिने छ ।
३. आर्थिक गतिविधि र क्रियाकलाप बढाई आय आर्जन र रोजगारीका अवसरमा वृद्धि गर्न लघु उद्यम विकास कार्यक्रम लाई निरन्तरता दिनका साथै अन्य कार्यक्रमहरुको थालनी गरिने छ ।
४. घरेलु उद्योग र लघु उद्यमलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।
५. यस नगरपालिकामा ठूलो कलकारखाना स्थापना र सँचालनका लागि आकर्षित गर्ने लगानी मैत्री बातावरण हुने अवस्था सिर्जना गरिनेछ ।
६. नगर प्रोफाईल निर्माणको कार्य भइरहेकोमा सो विवरणको आधारमा रुची र क्षमता अनुसारका अभिमुखीकरण तालिम प्रदान गरी सिकर्मी, डकर्मी, विद्युत प्राविधिक, प्लम्वर, सिलाई कटाई आदि क्षेत्रका जनशक्ति तयार गर्न तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ
७. कृषिजन्य उत्पादकत्वमा वृद्धि गर्न नहर तथा सिचाईको प्रबन्ध नभएका खेती योग्य जमिनका लागि भूमिगत सिचाइका लागि प्राथमिकताका आधार आयोजनाहरु सञ्चालन गरिने छ ।

८. कृषि उपजहरुको उपयुक्त मुल्य तोकि कृषकलाई बढी भन्दा बढी लाभ हासिल गर्न आवश्यक संरचना तयार गरिने छ । यसका लागि आवश्यक नीतिगत व्यवस्था मिलाईनेछ । कृषि औजार, मलखाद, विऊ, विजन एवम प्रविधि सुलभ मूल्यमा उपलब्ध गराउन नगरपालिकाबाट सुलभ पसल सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

९. नगर क्षेत्र भित्रका फलफुल तथा तरकारी बजारहरुलाई व्यवस्थित गर्दै लैजान हाट वजार व्यवस्थापनलाई प्रभाकारी बनाउन आवश्यक प्रवन्ध गरिने छ ।

१०. पशुपालनलाई व्यवसायिक रुपमा विकास गर्न गोठ सुधार कार्यक्रम जस्ता कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ। अत्यावश्यक रोगको उपचारका लागि औषधी खरिद गरि वितरण गरिनरेछ।

११. बीउका लागि उन्नत जातका गोरु, बोका तथा वंगुरको वीर खरिद गरी कृषक समुहमा हस्तान्तरण गरिने छ । कृषि तथा पशुजन्य व्यवसाय सञ्चालनमा अनुदानको व्यवस्था गरिने छ ।

१२. सहकारी संस्थालाई प्रभावकारी बनाउन नियमित अनुगमन, निरिक्षण तथा मूल्याङ्कन समेत गर्ने गरी नियमनको व्यवस्था मिलाइनेछ ।

१३. नगर क्षेत्रको आर्थिक विकासका लागि **कमला पर्यटन स्थल**लाई यस प्रदेशको उत्कृष्ट पर्यटन क्षेत्रको रुपमा विकास गरिने छ । पर्यटन प्रवर्धन गर्न संम्भावित स्थलहरुको पहिचान गरी ती क्षेत्रहरुको विकासका निम्ति आवश्यक बजेट विनियोजन गरिनेछ ।

## सामाजिक विकास

१. नगरक्षेत्र भित्रका विद्यालयहरुबाट गुणस्तरीय शिक्षा प्रदान गर्न पारित नगर शिक्षा योजना प्रभावकारी रुपमा लागु गरिनेछ ।

२. सार्वजनिक विद्यालयहरुका प्रधानाध्यापकसित कार्यसम्पादन सम्भौता गरी सोही अनुरुप कार्यसम्पादन मूल्याकंन हुने व्यवस्था गरिनेछ ।

३. सामुदायिक विद्यालयहरुको भौतिक पुर्वाधार, शिक्षण पद्धति, विद्यार्थी सहुलियत तथा जनशक्ति व्यवस्थापनको लागि नगर स्तरीय मापदण्ड तयार गरी लागु गरिने छ ।

४. आर्थिक अभावका कारणले कुनै पनि बालबालिका विद्यालय जानबाट वञ्चित हुन नदिन आवश्यक पहल गरी विद्यालय भर्ना दरलाई सत प्रतिशत बनाइने छ ।

५. नगर क्षेत्रलाई पूर्णतया बाल श्रम मुक्त नगर अभियान सञ्चालन गर्ने र बाल श्रमबाट व्यवसाय सञ्चालन गरेमा कारवाही गर्ने व्यवस्था मिलाइने छ ।

६. सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई बाल, अपाङ्ग र छात्रा मैत्री बनाउन आवश्यक प्रबन्ध मिलाइने छ ।

७. प्रत्येक विद्यालयमा नियमित कक्षाका अलावा अतिरिक्त क्रियाकलाप सँचालन हुने व्यवस्था गरिनेछ ।

८. बालिका तथा समावेशी शिक्षा सँजाललाई परिचालन गरिनेछ ।

९. प्रत्येक माध्यमिक विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रमलाई प्राथमिकताका साथ सुचारु गरिनेछ ।

१०. नगर भित्र प्रत्येक विद्यालयमा अनिवार्य रुपमा बार्षिक प्रतियोगितात्मक खेलकुद कार्यक्रम गर्ने र त्यसबाट छनौट भएका खेलाडी बिच प्रतिष्पर्धा हुने गरी मेयर कप रनिङशिल्ड खेलकुद प्रतियोगिताको नियमित आयोजना गरिनेछ ।

११. खेलकुदलाई प्रोत्साहित गर्न नगर क्षेत्र भित्र उपयुक्त स्थानमा कभर्ड हल निर्माणका लागि व्यवस्था मिलाइने छ ।

१२. यूवा मैत्री कार्यक्रम सँचालन गरी यूवालाई विकासको सम्बाहकको रुपमा परिचालित गर्दै लगिनेछ ।
१३. आयुर्वेद चिकित्सा पद्धतिलाई दिगो भरपर्दो बनाई आयुर्वेद सम्बन्धी कार्यक्रम सँचालन गरिनेछ ।
१४. स्थानीय बासिन्दाहरुको स्वास्थ्य सुविधालाई मध्यनजर गरी हाललाई भरतपुर स्वास्थ्य संस्थामा प्रयोगशाला, इमरजेन्सी प्राथमिक उपचार कक्षको व्यवस्था गरिएको र अगामी वर्षमा यस नगरपालिका भित्र निर्माण भएको नगर अस्पताल सँचालन गरिने छ ।
१५. बाल स्वास्थ्य तथा महिला स्वास्थ्यको क्षेत्रमा विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरु सँग समन्वय तथा सहकार्य गरी प्रत्येक वडाहरुमा विशेष कार्यक्रम सञ्चालन गरिने छ । महिलाहरुलाई प्रजनन स्वास्थ्य सम्वन्धी तालिम तथा गोष्ठीहरु सञ्चालन गरिनेछ ।
१६. सुरक्षित मातृत्वको सुनिश्चितताको लागि हाल सँचालनमा रहेका बर्थिङ्ग सेन्टरहरु भरतपुर स्वास्थ्य चौकी र गोदार स्वास्थ्य चौकीलाई निरन्तरता दिँदै थप स्थानहरुमा सेवा विस्तार गरिनेछ ।
१७. नेपाल सरकारले निःशुल्क वितरण गर्ने औषधीहरुको सुची सम्पुर्ण स्वास्थ्य चौकीहरुमा राखी तोकिएका औषधीहरु अनिवार्य उपलब्ध गराउन आवश्यक प्रवन्ध गरिने छ ।
१८. सघन उपचारको पहुँच पुर्‍याउन एम्बुलेन्स खरिद गरी परिचालन गरिनेछ ।
१९. राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत गणेशमान चारनाथ पूर्ण खोप घोषणा भइसकेको र दिगोपनको लागि विभिन्न कार्यक्रमहरु सँचालन गरिनेछ ।
२०. जन्मदेखि २ वर्षसम्मको बालबालिकाको पोषण स्थिति ठिक राख्नको लागि प्रत्येक महिना गाउँघर क्लिनिक मार्फत र खोप क्लिनिक मार्फत बच्चाहरुलाई बृद्धि अनुगमनको व्यवस्था गरिनेछ ।
२१. महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका कार्यक्रम मार्फत प्रत्येक वडामा आमा समूह लाई सक्रिय बनाइनेछ ।
२२. गर्भवती र सुत्केरी महिलाहरुलाई जाँचको लागि स्वास्थ्य सँस्थासम्म पहूँच पुर्‍याउनको लागि विशेष कार्यक्रम ल्याइनेछ ।
२३. औलो र कालाजर रोग नियन्त्रणको लागि विशेष पहल गरिनेछ ।
२४. क्षयरोग नियन्त्रणको लागि जिल्ला स्वास्थ्य कार्यालय र प्रदेश कार्यालय सँग सम्पर्क गरी विशेष पहल गरिनेछ ।
२५. नेपाल सरकार, ग्लोबल फण्ड र सेभ द चिल्ड्रेन इन्टरनेशनल बिच त्रिपक्षीय सम्झौता भई बागमती सेवा समाज नेपालद्धारा यस पालिकामा सँचालित राष्ट्रिय क्षयरोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
२६. नसर्ने रोग जस्तै मधुमेह रोग, रक्तचाप आदी को लगत सँकलन गरी निशुल्क औषधीको व्यवस्था गरिनेछ ।
२७. भरतपुर स्वास्थय चौकीमा ल्याबको जाँचको विशेष प्याकेज व्यवस्था गरिनेछ ।
२८. सुविधा सम्पन्न सर्पदंश उपचार केन्द्र सँचालन गर्ने व्यवस्था मिलाइनेछ ।
२९. नगरलाई शुन्य मातृ मृत्युदर भएको नगरको रुपमा विकास गर्न सबै गर्भवती महिलाहरुको अनिवार्य स्वास्थ्य जाँच गराउन जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि स्वास्थ्य स्वयम सेविकाहरुको भूमिकालाई थप प्रभावकारी बनाइने छ ।
३०. नगर क्षेत्रभित्रका मठमन्दिर, देविस्थान, मस्जिद, गुम्बा, घाट तथा समाधि स्थलहरुको उचित संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यक प्रवन्ध मिलाइने छ साथै यस्ता स्थानहरुमा शौचालय र स्वच्छ खानेपानीको समुचित प्रबन्ध गरिनेछ ।

३१. खानेपानी अभाव लाई परिपूर्ति गर्न भइरहेको श्रोत परिचालन र खानेपानीको दिगो उपयोगको लागि विशेष अभियान सहित कार्यक्रम सँचालन गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

३२. स्वच्छ पिउने पानीका लागि एक घर, एक धारा अभियान सञ्चालन गरी स्वच्छ पानी पिउने व्यवस्था मिलाउन आवश्यक प्रवन्ध गरिने छ ।

३३. खानेपानीको सहज पहूँच नभएका बस्तीहरुमा स्वच्छ र गुणस्तरीय खानेपानी अपूर्ति हुने व्यवस्था मिलाइनेछ ।

३४. खानेपानीका मुहानको संरक्षण सम्वर्द्धन गरिनेछ साथै भएका खानेपानी योजनाहरुको मर्मत सम्भार गर्दै लगिनेछ ।

३५. विभिन्न संघ सँस्थाहरुको सहकार्य र सहभागीतामा यस नगरपालिकामा पुर्ण सरसफाई अभियान सँचालन गरिनेछ ।

३६. विद्यालय, स्वास्थ्य चौकी सामुदायिक सँस्था र सार्वजनिक स्थानहरुमा स्वच्छ पानीको उपयोग, खानेपानीको सहज पहुँच र दिगो सरसफाई कार्यक्रम सँचालन गरिनेछ ।

३७. यस पालिकाभित्र गरिने खानेपानी सरसफाई सम्बन्धी पूर्वाधारहरु बाल अपांगमैत्री लैंगिक मैत्री बनाइनेछ ।

३८. यस नगरपालिकाको खानेपानी सरसफाई सम्बन्धी दिगो योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३९. विभिन्न गैरसरकारी सँस्था, निजी क्षेत्र, सामुदायिक सँस्था सँग साझेदारी र सहकार्य गरी यस नगरपालिकामा खानेपानी योजना, खानेपानी मर्मत सम्भार वातावरण संरक्षण, स्वच्छता र सरसफाई सम्बन्धी योजना कार्यक्रम सँचालन गर्दै लगिनेछ ।

४०. मानव बेचविखन विरुद्धको दिवस, राष्ट्रिय बाल दिवस, महिला दिवस र अन्तराष्ट्रिय लैगिंक हिंसा विरुद्धको १६ दिने अभियानहरु सञ्चालन गरिने छ ।

४१. अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी परिचय पत्र वितरण कार्यलाई सहज बनाइनेछ ।

४२. सामाजिक परिचालन कार्यक्रमलाई सशक्त र प्रभावकारी रुपमा संचालन गरी नागरिक सचेतना केन्द्रहरुको लागि आवश्यक भवन निर्माण, आय आर्जन र क्षमता विकास गर्दै सवै वडाहरुमा टोल विकास समितिहरु गठन गर्ने कार्य सम्पन्न गरी क्रियाशिल तुल्याउने कार्य प्रक्रिया अगाडि वढाइने छ ।

४३. नगरपालिका भित्र सँचालन हुने आयोजना कार्यक्रम लगायत गठन हुने विभिन्न समितिहरुमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्ने सुनिश्चितता गरिनेछ ।

४४. सामाजिक सुरक्षा वापत प्रदान गरीने रकम सरल र सुलभ तरिकाबाट उपलब्ध गराउन सा.सु. भत्ता वितरण गर्ने बैंकहरुसँग सहकार्य गरी सकेसम्म केन्द्रबाट टाढा रहेका वडाहरु जस्तै वडा नं.९,१० र ११ बरमझियामा शिविर सँचालन गरी वितरण गरिरहेकोमा आगामी वर्षमा थप स्थानमा शिविर सँचालन गरी सा.सु.भत्ता वितरण गरिनेछ।

## पुर्वाधार विकास

१. नगरपालिकाले प्रदान गर्ने सेवा सुविधालाई व्यवस्थित गर्नको लागि नगर कार्यपालिकाले आफ्नै भवन निर्माण गरि सो भवनबाट सेवा प्रवाह गरिहेकोमा आगामी वर्षमा यस भवनमा थप सँरचनाहरु निर्माण गरि सेवा प्रवाहलाई थप व्यवस्थित गरिनेछ ।

२. नगरपालिकाको विभिन्न वडाहरुबाट प्रदान गरिने सेवाहरुलाई व्यवस्थित बनाउन वडा नं.१, ३, ४, १० र ११ को नवनिर्मित भवनबाट सेवा प्रवाह भइरहेको छ भने वडा नं.२,५,६,७ ८ र.९ को कार्यालय भवन निर्माण प्रक्रिया अगाडी बढाइसकिएको छ ।

३. नगर भित्रका सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्न सार्वजनिक जमिनको यकिन गरी मुख्य बजार क्षेत्रमा यसै आ.व.मा व्यवस्था मिलाइने छ ।

४. नगरपालिकाभित्रका यातायातका पूर्वाधार, सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन, विद्यालय भवन आदिको निर्माण र मर्मत संभारमा विशेष जोड दिइनेछ ।

५. ग.चा.न.पा.४, विरेन्द्रबजारको तरकारी बजारमा रहेको अधुरो भवनलाई आगामी आ.व.मा पूरा गरी बजारलाइ थप व्यवस्थित गरिनेछ ।

६. नगरपालिकाको गौरवको योजना गोदार चिसापानी कालापानी जोडने सडक स्तरोन्नत्तीको कार्यलाई निरन्तरता दिइनेछ । यसलाई महेन्द्र राजमार्ग र मध्यपहाडी राजमार्ग जोडने सडकको रुपमा स्थापित गराउनको लागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

## वातावरण तथा विपद व्यवस्थापन

१. मौसमी महामारी, संक्रामक रोग, कोभिड १९, हैंजा, डेंगु, शितलहर, डुवान जस्ता विपद् रोकथाम र नियन्त्रणका लागि सरोकारवाला सबैको सहयोगमा आवश्यक व्यवस्था मिलाइने छ ।

२. विपद् व्यवस्थापनका लागि नगरपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरीएको र सोबाट तत्काल राहत दिने व्यवस्था मिलाइएकोमा सो कार्यलाई निरन्तरता दिइनेछ ।

३. पुराना तथा नयाँ निर्माण गरिने सडकको दुवै तर्फ विरुवा रोप्ने तथा जगेर्ना गर्न उपभोक्ताहरुलाई प्रोत्साहित गरिने छ र त्यस्ता समूह र संस्थालाई सम्मान गरिने छ ।

४. नगरक्षेत्रभित्रका खोलानालाको दुवै किनारमा व्यापक रुपमा बाँस तथा अन्य बोट विरुवाहरु लगाई प्राकृतिक तटबन्धको व्यवस्था गरि उर्वर जमिनको संरक्षण गर्नुका साथै सरकारी पर्ती एलानी जग्गाहरुमा बोटविरुवाहरु लगाई हराभरा पालिका बनाई बातावरण तथा जलवायु परिवर्तनको अनुकुलन कार्यक्रम सँचालन गरिनेछ ।

५. चारनाथ, कमला खोला र वालुवा खोलामा आउने बाढीबाट हुने क्षति न्यूनिकरण गर्न सरकारी कार्यालय, संघसंस्था सँग सहकार्य गरी पूर्वाधार निर्माण, नदी नियन्त्रण र बृक्षारोपण कार्यक्रम सँचालन गर्दै लगिनेछ ।

६. "एक घर एक रुख"को नारासहित *नगर-नागरीक साझेदारी* मा बजार क्षेत्रका प्रत्येक घरमा कम्तिमा दुईबटा विरुवा रोप्न अनिवार्य गरिने छ । यदि जमिनको अभाव भएमा एक घर १० गमला रोप्ने कार्यलाई प्रोत्साहित गरिने छ ।

७. नगर तथा वडास्तरीय विपद जोखिम व्यवस्थापन समितिलाई विपद व्यवस्थापन योजना तर्जूमा तथा पुर्व तयारीका लागि सक्षम बनाउदै लगिने छ ।

८. नगरको बजार क्षेत्रहरुमा फोहोर राख्ने कन्टेनरहरुको थप व्यवस्था गर्ने तथा हरेक कलकारखाना, विद्यालय, क्याम्पस तथा अन्य संस्थाहरुबाट उत्सर्जन हुने फोहोर व्यवस्थापनमा त्यससँग सम्वन्धित संस्था तथा समितिलाई जिम्मा दिने गरी नीति तय गरिने छ ।

९. सरसफाई र स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रमका लागि विशेष योजना बनाई सबै वडाहरुमा कार्यान्वयन गरिने छ ।

१०. नगर भित्र रहेका सार्वजनिक जग्गाहरु, वन क्षेत्र, नदी नाला, पोखरी आदीको पहिचान तथा सिमांकन गरी सो संरक्षण र सम्बर्द्धन गर्ने कार्यको थालनी गरिने छ ।

११. विद्युतीय चुलोको प्रयोगलाई विद्युतीय पूर्वाधार भएको स्थानहरुमा प्रयोग गर्न उचित वातावरणको सृजना गरिनेछ । उपभोक्ताहरुलाई विद्युतीय उपकरणमा खाना पकाउन विद्युतीय चुलो प्रयोगको लागि प्रोत्साहन गर्न स्मार्ट मिटर जडान गरी विद्युतीय महसुलमा सहुलियत प्रदान गरिनेछ । विद्युतीय पुर्वाधार भएको स्थानहरुमा सार्वजनिक निजि साझेदारी नीति अनुरुप नगरको उपयुक्त क्षेत तोकी एक परिवार, एक विद्युतीय चुलो नमूना कार्यक्रम सँचालन गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास**

१. प्रथम नगरसभाबाट अनुमोदन भई सकेको भवन निर्माण संहिता, २०६० र वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लाई कडाईका साथ लागु हुनेगरी यस नगरपालिकाको भवन निर्माण कार्यविधि निर्माण गरी भूकम्प प्रतिरोधी संरचना निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ । साथै पुरानो घरहरुको अभिलेखिकरण गर्नका साथै नक्सा पास नगराई भवन निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्न वडा स्तरमै अभियानका कार्यक्रम संचालन गरिने छ ।
२. बदलिँदो परिवेश अनुसार नगरपालिकाको स्वीकृत दरवन्दीमा परिमार्जन गर्नुपर्ने भएकोले चालु आ.व.मै संगठन र व्यवस्थापन सर्वेक्षण गरिएकोमा सोही अनुरुपको स्थायी पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग गर्ने कार्यलाई निरन्तरता दिने साथै कर्मचारी समायोजन कार्य सम्पन्न भए पश्चात कार्यालयमा कार्यरत कर्मचारीहरुलाई टिकाई राख्न तथा उत्प्रेरित राख्नको लागि विभिन्न तालिम, बृत्ती विकासको अवसरहरु तथा प्रोत्साहन भत्ता समेतको व्यवस्था गरिनेछ ।
३. करको दायरालाई विस्तार गर्दै Publilc Private Partnership-PPP को अवधारण अनुसार सवै करदाताहरुलाई कर प्रणालीमा आवद्ध गर्नका लागि व्यवसाय कर, फोहोरमैला शुल्क, घरवहाल करलाई कडाईका साथ लागू गरी भूमि तथा सम्पत्ति करलाई व्यवस्थित गरी Software Based मा आधारित तुल्याईनेछ । वडा स्तरमै सफ्टवेयरमा आधारित भएर कर संकलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
४. माईकिङ्गद्धारा विज्ञापन गर्दा नगरपालिकासँग अनुमति लिनुपर्ने र सो कार्यका लागि निश्चित शुल्क तिर्ने व्यवस्था मिलाईने छ ।
५. नगरपालिकाका सबै विषयगत कार्यालयहरुलाई एक आपसमा जोडने र विद्युतीय सुशासनको अवधारणा बनाई कार्यान्वय गरिने छ ।
६. कार्यालयको दरबन्दीमा रहेका नगर प्रहरीको व्यवस्थापनको लागि नगर प्रहरी सँचालन कार्यविधि निर्माण गरी नगरको शान्ति सुरक्षालाई चुस्त दुरुस्त राख्ने व्यवस्था मिलाइनेछ ।
७. **समान कामका लागि समान ज्याला** भन्ने नाराका साथ हरेक क्षेत्रमा लैङ्गिक समतामुलक समाजको निर्माण गर्ने र सवैखाले श्रम शोषण अन्त्य गर्न नगरको अनुगमन कार्यलाई थप प्रभावकारी बनाइने छ ।
८. आर्थिक पारदर्शिताका लागि नगरका हरेक आर्थिक कारोबारहरु वेव साइट मार्फत नियमित रुपमा सार्वजनिक गरिने छ ।
९. न्यायिक समितिलाई जनशक्ति र श्रोत साधनको दृष्टिकोणबाट मजबुत बनाई न्याय निरुपणलाई यथार्थ र बस्तुनिष्ठ बनाइनेछ ।
१०. कुनै पनि किसिमको ढिला सुस्ती, मोलाहिजा नगरी निश्पक्ष तरिकाले न्याय निरुपण गरिनेछ ।
११. स्थानीय तहले कानुन अनुसार प्राप्त गर्नुपर्ने कर, दस्तुर, सेवाशुल्क समयानुकुल बैज्ञानिक, व्यवहारीक, नागरिक मैत्री एवम पारदर्शी बनाई नगरको समग्र आन्तरिक आयमा वृद्धि गरिने छ ।

१२. पूर्वाधार निर्माण, खरिद कार्य तथा आय संकलनका क्षेत्रमा आव्हान गरिने बोलपत्र वा दरभाउपत्रलाई अधिकतम रुपमा प्रतिस्पर्धी बनाउन पूर्ण रुपमा E-Bidding पद्धती अवलम्बन गरिएकोमा सो कार्यलाई निरन्तरता दिइनेछ ।

१३. योजना अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी भुक्तानीका लागि सिफारिश गर्दा भुक्तानीमा सोको प्रतिवेदन समेत संलग्न गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिई कडाईका साथ लागु गरिनेछ । साथै नगरपालिका स्तरीय सुपरिवेक्षण तथा अनुगमन समितिलाई क्रियाशिल तुल्याइ सोको निरिक्षण प्रतिवेदन पश्चात मात्र आयोजनाहरुको अन्तिम किस्ता रकम भुक्तानी हुने व्यवस्थालाई निरन्तरता दिइने छ ।

१४. विकास निर्माण तथा कर्मचारीहरुको तलब भत्ता लगायत आदी आर्थिक कारोबारहरुलाई थप छिटो छरितो बनाउन चेक मार्फत हुने भुक्तानी लाई विस्थापन गर्दै सिधै लाभग्रहीको खातामा रकम पठाउने प्रणाली (EFT System) पूर्ण रुपमा लागु गरिनेछ ।